नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७७/०७८

चलानी नं.:-८६४

मितिः- २०७७/०९/२९

विषयः- किशोरीहरुलाई आईरन फोलिक एसिड चक्की खुवाउने कार्यक्रमका लागि समन्वय गर्ने सम्बन्धमा।

श्री स्थानीय तह, (सबै)।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १७४ मिति २०७७/०९/१६ को किशोरीहरुलाई आईरन फोलिक एसिड चक्की खुवाउने कार्यक्रमका लागि समन्वय गर्ने सम्बन्धी प्राप्त पत्र र कार्यविधि यसै पत्रसाथ संलग्न छ। सो सम्बन्धमा थप व्यहोरा पत्रबाटै अवगत गर्नुभई आवश्यक सहयोग र समन्वय गर्नुहुन आदेशानुसार अनुरोध छ।

..............................

जनकराज शर्मा

शाखा अधिकृत

बोधार्थः

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य समन्वय महाशाखा

फोन: २२३५८० २६२६९६ २६९७३६ २६२८०२ २६२९८७ २६२४६८ २६२५४३

रामशाहपथ
काठमाडौं,नेपाल

पत्र संख्याः- (१) २०७७।७८
च.न ९६४

मितिः २०७७/०९/१६

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं ।

विषयः किशोरीहरुलाई आईरन फोलिक एसिड चक्की खुवाउने कार्यक्रमका लागि समन्वय गरिदिने बारे ।

प्रस्तुत विषयमा परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभागको मिति २०७७/०९/१६ च.न. ५४२ को पत्रानुसार रक्तअल्पता न्यूनिकरणका लागि १०-१९ वर्षका किशोरीहरुलाई आईरन फोलिक एसिड चक्की खुवाउने कार्यक्रमका रहेकाले प्रदेश तथा स्थानीय तहमा पत्रचारका लागि आवश्यक समन्वय गरिदिनहुन अनुरोध भई आएकाले सो हुन सहयोग समन्वय गरिदिनहुन निर्देशानुसार सादर अनुरोध छ । साथै अन्य विवरण यसैसाथ संलग्न उक्त महाशाखाको पत्र र कार्यविधिबाट अवगत हुन समेत अनुरोध छ ।

(प्रेम कुमार रसाईली)
शाखा अधिकृत

Scanned with CamScanner

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा
टेकु, काठमाडौं, नेपाल ।

प.सं. २०७७/०७८
च.नं. ४८२

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

मिति: २०७७/०९/१६

रामशाहपथ, काठमाडौं ।

**विषय : किशोरीहरुलाई आइरन फोलिक एसिड चक्कि खुवाउने कार्यक्रम सम्बन्धमा पत्राचार गरिदिने बारे ।**

प्रस्तुत विषयमा यस महाशाखाको पोषण शाखाको नेतृत्वमा विगत लामो समयदेखि पोषण अवस्था सुधारका लागि पोषण विशेष कार्यक्रमहरु सञ्चालनमा रहेको विदितै छ । यसै सन्दर्भमा किशोरीहरुमा हुने रक्तअल्पता न्यूनीकरणका लागि विद्यालय जाने १० देखि १९ वर्षसम्मका किशोरीहरुलाई विद्यालयमार्फत र विद्यालय नजाने किशोरीहरुलाई महिला स्वास्थ्य स्वयम् सेविकाहरुमार्फत साप्ताहिक रुपमा आइरन फोलिक एसिड चक्कि खुवाउने कार्यक्रम चालु आर्थिक वर्षदेखि सबै स्थानीय तहहरुमा सञ्चालन गर्ने बजेटमा व्यवस्था भएको हुदा तपशिलमा उल्लेखित बुदाहरुमा आधारित रहेर किशोरीहरुलाई आइरन फोलिक एसिड खुवाउने कार्यक्रम अनिवार्य सञ्चालन गर्न सम्बन्धित मन्त्रालयमार्फत **सबै स्थानीय तहहरुमा** पत्राचार गरिदिनु हुन अनुरोध छ ।

तपशिल :

१ सबै स्थानीय तहका प्रत्येक विद्यालयका १० देखि १९ वर्षका किशोरीहरुलाई आइरन फोलिक एसिड चक्कि खुवाउने ।
२ आइरन फोलिक एसिड चक्कि खुवाउदा **साउन, भदौ र असोज** गरि तीन महिना (१३ हप्ता) खुवाउने, कार्तिक, मंसिर र पौषमा (१३ हप्ता) नखुवाउने, फेरि **माघ, फागुन र चैत्र** गरि तीन महिना (१३ हप्ता) खुवाउने र वैशाख, जेष्ठ, असार (१३ हप्ता) गरि तीन महिना नखुवाउने ।
३ विद्यालय नजाने किशोरीहरुलाई महिला स्वास्थ्य स्वयम् सेविकाहरुमार्फत साप्ताहिक रुपमा आइरन फोलिक एसिड चक्कि खुवाउने ।
४ आइरन फोलिक एसिड चक्किको आपुर्तीका लागि सम्बन्धित विद्यालयले नजिकको स्वास्थ्य संस्थासंग माग गर्ने, सम्बन्धित स्वास्थ्य संस्थाले स्वास्थ्य आपुर्ती व्यवस्थापनको नियमित प्रक्रियाअनुसार माथिल्लो निकायमा माग गर्ने ।
५ विद्यालयले तोकिएको ढाँचामा अभिलेख राखि प्रतिवेदन तयार पारि स्वास्थ्य संस्था तथा पालिकामा मासिक रुपमा बुझाउने ।
६ उक्त अवसरमा आइरनयुक्त खानाको उपभोग, खाद्य विविधता, सरसफाईलगायतका पोषणसम्बन्धी विषयमा परामर्श दिने ।
७ विस्तृत जानकारीका लागि उक्त कार्यक्रमसम्बन्धी निर्देशिका यसै साथ सलग्न छ ।

केदारराज पराजुली
प्रमुख, पोषण शाखा
शाखा प्रमुख

Scanned with CamScanner